आज मिति २०७८ पुष ९ गते, शुक्रबार दिनको २:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा  नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम  सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना घ्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. नि. प्रमुख प्रशासकीय अधिकृत श्री रामगोविन्द श्रेष्ठ

**विषयहरु :-**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक नियुक्तिको लागि पदपूर्ति समिति गठन सम्बन्धमा ।

२. वत्सला मन्दिर उद्घाटन समारोह सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरुः-**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजकको पदपूर्ति र सेवा  सुविधासम्बन्धी मापदण्ड, २०७६ अनुसार यस नगरपालिकामा रोजगार संयोजक नियुक्ति गर्न पदपूर्ति समितिको लागि संयोजक सेवा निवृत्त उपसचिव श्री लक्ष्मीनारायण ताम्राकार र विषयविज्ञ सदस्य ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य श्री सुनिल दुवाललाई नियुक्ति गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका वडा नं. ३ दरवार क्षेत्र लायकुस्थित नृत्य वत्सला मन्दिर नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्य र नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद श्री प्रेम सुवालज्यूको विशेष आतिथ्यमा उद्घाटन समारोह र उक्त मन्दिरसम्बन्धी सम्पूर्ण विवरण संग्रह गरिएको पुस्तक (नृत्य वत्सला मन्दिर पुनः निर्माण -२०७८ सार्वजनिकीकरण निम्न मिति, समय र स्थानमा  गर्ने निर्णय गरियो :

मिति :- २०७८।९।१० गते, शनिवार

समय : - दिनको १:०० बजे

स्थान :- भक्तपुर दरवार स्क्वायर, लायकु

## ३. समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. मिति २०७८/०९/९ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो : | | | | | | | | | | | | |
| निर्माण समितिको मिति २०७८/०९/०८ गतेको बैठकको निर्णयहरू : | | | | | | | | | | | | |
| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शिशु स्याहार केन्द्र भवनमा प्लास्टर गरी मर्मत गर्ने कार्य | १ | मर्मत | २४६,४२५।६० | | | | | | | | |
| २ | शिशु स्याहार केन्द्रमा ब्लक छाप्ने कार्य | १ | मर्मत | ५७६,३९१।५० | | | | | | | | |
| ३ | शिशु स्याहार केन्द्र भवनमा रंग रोगन गरी मर्मत गर्ने कार्य | १ | मर्मत | २५२,३०५।०२ | | | | | | | | |
| ४ | मंगलतिर्थस्थित शिशु स्याहार केन्द्रको झिंगती छाना मर्मत कार्य | ४ | मर्मत | ६१६,०९६।६१ | | | | | | | | |
| ५ | हनुमानघाट खोला सुधार कार्य | ७ | खोला सुधार | ४४८,८४३।३० | | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तरकारी बजार व्यवस्थापन कार्य | ५ | तरकारी बजार व्यवस्थापन | ४,४०५,८९७।१८ | | उ.स.अ. : श्री नारायणप्रसाद त्वानाबासु<br>अ.स.स. : श्री पूर्णगोपाल राजचल | | | | | | |
| रिभाइज ल.ई. स्वीकृति÷भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भ.न.पा. कार्यालय प्रांगण तथा भार्वाचो, टेखापुखु, नासमना, गहिति, टोमढी, सुकुलढोका हुँदै दत्तात्रयसम्मको बाटोमा रहेका सीसीटीभी मर्मत | मर्मत इलेक्ट्रिकल | | ९१,०४८।७५ | ५८,५४५।३० | | ४६,५७४।९८ | ४६,५७४।९८ | ५७,१६८।१८ | सम्पन्न | थर्ड आई इन्टरप्राइजेज | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्भार कार्य | | | | | | | | | | |
| **ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. १ देखि १० वडासम्म विभिन्न ठाउंहरूमा निर्माण सम्बन्धी मर्मत कार्य | १-१० | मर्मत | २२२,९६४।४० | सामान तर्फ | | २१५,७९८।६१ | २१५,७९८।६१ | २१५,७९८।६१ | सम्पन्न | सामान जिन्सी शाखा बाट प्राप्त भएको |
| | | | | ७७,९६८।१६ | ज्याला तर्फ | | ७३,३२५।०० | ७३,३२५।०० | ७४,३८४।२६ | | |
| | | | | **३००,९३२।५६** | **जम्मा** | | **२८९,१२३।६१** | **२८९,१२३।६१** | **२९०,१८२।८७** | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | फोहोरमैला प्रसोधन केन्द्र निर्माण कार्य | ८ | नपा | ७,४३३,२६४।३० | | मिति २०७९ बैशाख मसान्तसम्म म्याद गर्ने निर्णय गरियो । | | | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | |
| १ | बाराही पुल पुन:निर्माण कार्य (दोस्रो चरण) | ३ | बागमती प्रदेश समपुरक बजेट | ४२,३६८,६६७।०४ | २८,००२,९७७।६६ | पहिलो भुक्तानी | ११,५२७,२९९।५६ | ११,५२७,२९९।५६ | ११,५२७,२९९।५६ | आंशिक सम्पन्न | जय वागिश्वरी/ सिस्ने जे.भी. |
| | | | | | | दोस्रो भुक्तानी | ३,२९५,८३२।२७ | ३,२९५,८३२।२७ | ३,२९५,८३२।२७ | | |
| | | | | | | **जम्मा** | **१४,८२३,१३१।८३** | **१४,८२३,१३१।८३** | **१४,८२३,१३१।८३** | | |

भक्तपुर नगरपालिकाको “साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धि कार्यविधि २०७७” अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचिकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसारका पास हुने नक्सा जम्मा ३ र सूचिकृत हुने नक्सा जम्मा ७ गरी जम्मा नक्सा संख्या १० पास र सूचिकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | सूचीकरण समितिको सिफारिस विवरण | सूचीकरण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | कृष्ण भक्त प्रजापति | भ.न.पा. ८ साविक २ | १२२ | ०–३–२–२ | नक्सा पास हुने | २०७८।८।१७ | नक्सा पास हुने |
| २ | कृष्ण प्रसाद सुवाल | भ.न.पा. ७ | ५४१ | ०–६–०–० | नक्सा पास हुने | २०७८।८।२८ | नक्सा पास हुने |
| ३ | दश राम गोसाई | भ.न.पा. १० साविक ४ | ५२२ | ०–४–१–० | नक्सा पास हुने | २०७८।८।२८ | नक्सा पास हुने |
| ४ | आस राम कोजु | भ.न.पा. ९ साविक १ | ४५४ | ०–१–०–३ | सूचिकृत हुने | २०७८।८।१७ | सूचिकृत हुने |
| ५ | कृष्ण प्रसाद न्हिसुतु | भ.न.पा. ६ | ३२७ | ०–५–१–० | सूचिकृत हुने | २०७८।८।१७ | सूचिकृत हुने |
| ६ | राजु कुसी | भ.न.पा. ९ साविक १ | ३२७ | ०–१–३–२.७९ | सूचिकृत हुने | २०७८।८।१७ | सूचिकृत हुने |
| ७ | सूर्य लक्ष्मी ख्याजु | भ.न.पा. ७ | ५८९, ७२ र ७३ | ०–१–२–०, ०–१–२–० र ०–३–०–० | सूचिकृत हुने | २०७८।८।२८ | सूचिकृत हुने |
| ८ | चन्द्र लक्ष्मी कक्षपति | भ.न.पा. १ | ३२४ | ०–१–२–० | सूचिकृत हुने | २०७८।८।१७ | सूचिकृत हुने |
| ९ | सत्य बहादुर छ्वाजु समेत | भ.न.पा. ८ साविक २ | ४६३ | ०–३–०–० | सूचिकृत हुने | २०७८।८।२८ | सूचिकृत हुने |
| १० | रेणु श्रेष्ठ | भ.न.पा. १० साविक ४ | ४०४ | ०–२–२–० | सूचिकृत हुने | २०७८।८।२८ | सूचिकृत हुने |

**४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. यस नगरपालिकाबाट प्रत्येक वर्ष संचालन गर्दै आएको सांस्कृतिक वाद्यवादन प्रतियोगिता अन्तर्गत यस वर्षको लागि पछिमा बाजा प्रतियोगिता संचालन गर्न भ.न.पा. वडा नं ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वको संयोजकत्वमा देहाय बमोजिमको संयोजन समिति गठन गर्ने निर्णय गरियो :**

**संयोजक : श्री रविन्द्र ज्याख्व, ९ नं. वडाअध्यक्ष, भ.न.पा.**

**सदस्य : श्री उकेश कवां, ७ नं. वडाअध्यक्ष, भ.न.पा.**

**सदस्य : श्री राजकृष्ण गोरा, ३ नं. वडाअध्यक्ष, भ.न.पा.**

**सदस्य : श्री छोरीमैया सुजखु (प्रजापति), कार्यपालिका सदस्य, भ.न.पा.**

**सदस्य : श्री कृष्णलक्ष्मी दुवाल, कार्यपालिका सदस्य, भ.न.पा.**

**सदस्य : श्री सूर्यप्रसाद श्रेष्ठ, वडा सदस्य, भ.न.पा. १**

**सदस्य : श्री रत्नकाजी नायभारी, वडा सदस्य, भ.न.पा. २**

**सदस्य : श्री सम्झना खाईजु, वडा सदस्य, भ.न.पा. ५**

**सदस्य : श्री सिद्धिराम अवाल, वडा सदस्य, भ.न.पा. ६**

ख. भक्तपुर नगरपालिकाबाट नगर क्षेत्रको फोहरमैला संकलन कार्यको लागि २ थान सफाई गाडी खरिद गर्न गोरखापत्र दैनिकमा मिति २०७८/०७/१८ गते र मजदुर दैनिकमा मिति २०७८/०७/२३ मा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचनाअनुसार म्याद भित्र दर्ता हुन आएका ४(चार) थान सिलबन्दी बोलपत्रहरु मध्ये सबभन्दा कम रकम कबोल गर्ने बोलपत्रदाता श्री Laxmi Commercial Vehicle Pvt.Ltd, Kathmandu,PERSTIGE 100CFT TIPPER-SML कम्पनीको प्रतिथान रु.१९,८६,०००।- (भ्याटसहित) का दरले जम्मा रु.३९,७२,०००।०० अक्षरेपि उन्नानचालिस लाख बहत्तर हजार मात्र भएको हुँदा र सम्वन्धित प्राविधिकबाट प्राप्त अध्ययन रिपोर्ट अनुसार बोलपत्र दाता Laxmi Commercial Vehicle Pvt. Ltd, Kathmandu,PERSTIGE 100CFT TIPPER-SML कम्पनीको बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सो बोलपत्र स्वीकृत गरी खरिद गर्न सिफारिस गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा ३० औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित खेलकुद कार्यक्रम, स्वास्थ्य शिविर तथा सांस्कृतिक कार्यक्रमका लागि श्री भूपाल मुलले रु. ५०,०००। पेश्की लिएकोमा रु. ६२,१४९।५२ बराबरको विल भपाई पेश गरी नपुग रकम रु. १२१४९।५२ भुक्तानी दिई निजको नाममा रहेको पे.फ. गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा ३० औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित खेलकुद प्रतियोगितामा मेच उपलब्ध गराए वापत रु. ५४५०।-, नपाबाट आयोजित विद्यालयस्तरीय खेलकुद प्रतियोगिता लागि मेच र टेवल उपलब्ध गराए वापत ८१००।- र नपाद्वारा स्पेनका सभामुख तथा विभिन्न अतिथिहरुलाई दरवार स्क्वायरमा स्वागत कार्यक्रममा मेच र टेबल उपलब्ध गराए वापत रु १८५०।- गरी कुल रु. १५,४००।- भक्तपुर टेण्ट हाउसलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिका कार्यालयको ढोकाको लक मर्मतलगायत अन्य विभिन्न मर्मत कार्य वापत रु. १०,४००।- पासा आल्मुनियमलाई भुक्तानी दिने निर्णय गरियो ।

च. मिति २०७८।०७।१७ गते नपाको बोर्ड बैठकमा नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।-, मिति २०७८।०८।१० गते पदपुर्ति समितिको अन्तरवार्ता कार्यक्रममा विहानको नास्ता उपलब्ध गराए वापत रु. २७१२।, मिति २०७८।०८।२० गते नपाबाट आयोजित विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन र्‍याली कार्यक्रममा सहभागी तथा अतिथिहरुलाई विहानको नास्ता उपलब्ध गराए वापत रु. ९६९९९।२०, २०७८।०८।२४ गते नपाको आयोजनामा सम्पन्न विद्यालय स्तरी खेलकुद प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रममा जलपान उपलब्ध गराएवापत रु. १,०३,९६०।-, मिति २०७८।०८।२९ गते नपाको बोर्ड बैठकमा नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।-, मिति २०७८।०९।०२ नपाको ७२ औं स्थापना दिवसको उपलक्ष्यमा आयोजित प्रवचन कार्यक्रममा अतिथि तथा सहभागीहरुलाई खानाको व्यवस्था गराए वापत रु.५३,३९२।५० गरी कुल रु.२,७७,५०३।७० सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. नपाबाट वितरित कार्डिनल उन्नत जातको आलुको विउ उपलब्ध गराए वापत ढुंगाना एग्रिकल्चर कृषि फर्मलाई रु. १,९०?०९५।- भुक्तानी दिने निर्णय गरियो ।

ज. नपाबाट वितरित जनकदेव उन्नत जातको आलुको विउ उपलब्ध गराए वापत खाद्यान्न तथा विऊ आलु अलैची तथा फलफुल नर्सरी उद्योगलाई रु. ४,९९,९०५।- भुक्तानी दिने निर्णय गरियो ।